कामना सेवा
विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाण्डौं
फोन नं.: ०१-५९७००३०
टोल फ्रि नं.:१६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

# हितग्राही खातामा बोनस शेयर जम्मा गरिएको बारे सूचना

यस कामना सेवा विकास बैंक लिमिटेडको २०८२/०६/२४ गते सम्पन्न १९ औं वार्षिक साधारणसभाबाट पारित १० प्रतिशतका दरले बोनस शेयर नेपाल स्टक एक्सचेन्ज लि. र सिडियस एण्ड क्लियरिङ्ग लि.मा सुचिकृत तथा दर्ता भई अभौतिक रुपमा कारोबार हुने व्यवस्था भईसकेको व्यहोरा जानकारी गराउँदछौं । मिति २०८२/०६/०८ को अघिल्लो दिनसम्म कारोबार भई लिखतमा रहेका शेयरधनी महानुभावहरुको बोनश शेयर सम्बन्धित हितग्राही खातामा जम्मा गरिएको व्यहोरा जानकारी गराईन्छ । यस विकास बैंकको शेयर मिति २०८२/०६/०७ गतेसम्म धितो बन्धक राखी कर्जा लिएका शेयरधनीहरुको हकमा शेयरधनीको हितग्राही खातामा उक्त बोनस शेयर कर्जा प्रवाह गर्ने सम्बन्धित बैंक/वित्तीय संस्थाहरुको नाममा नै रोक्का जनाई जम्मा हुने हुँदा सो कर्जा राफसाफ भईसकेको खण्डमा शेयरधनी महानुभावहरुलाई सम्बन्धित बैंक/वित्तीय संस्थामा सम्पर्क गरी सो बोनस शेयर फुकुवा गर्नु हुन अनुरोध गर्दै सो मिति पश्चात् रोक्का राखेका शेयरधनीहरुको बोनस शेयर शेयरधनीको हितग्राही खातामा रोक्का नजनाई जम्मा हुने हुँदा सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुलाई निजको बोनस शेयर रोक्का भए/नभएको यकिन गर्नुहुन तथा रोक्का नरहेको खण्डमा रोक्का समेत गर्नुहुन यसै सूचनाबाट सूचित गराईन्छ ।

**नोटः** यस कम्पनीको भौतिक स्वरुपमा शेयर रहेका शेयरधनीहरुको हकमा हालसम्म पनि शेयर डिम्याट नगर्नु भएको भएमा शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं वा आफुलाई पायक पर्ने प्रभु बैंक लिमिटेडको शाखा कार्यालयहरुमा वा अन्य कुनै निक्षेप सदस्यहरु मार्फत हितग्राही खाता खोली शेयर डिम्याट गरि बोनस शेयर सोझै आफ्नो हितग्राही खातामा प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराईन्छ ।

**मिति २०८२ पुष २ गतेको सौर्य राष्ट्रिय दैनिकमा प्रकाशित**